जिल्ला विकास समिति महासंघ नेपालको

# कर्मचारी कल्याण कोष सञ्चालन विनियमावली, २०६४

**ADDCN's Personnel Welfare Fund Operation By-Law, June, 2007**

**जिल्ला विकास समिति महासंघ नेपाल**

**आषाढ २०६४**

# कर्मचारी कल्याण कोष सञ्चालन विनियमावली, २०६४

**प्रस्तावनाः**

जिल्ला विकास समिति महासंघ नेपालका कर्मचारीहरुको लागि कल्याण कोषको स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले जिविस महासंघ नेपालको आर्थिक नियमावली, २०५४ को नियम ५२ (२) को अधिनमा रही मिति २०६४ असार १४ गतेको कार्यसमिति वैठकको निर्णय अनुसार यो ***जिल्ला विकास समिति महासंघ नेपालको कर्मचारी कल्याणकोष सञ्चालन विनियमावली, २०६४*** बनाई लागू गरिएको छ ।

## परिच्छेद एक

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो विनियमावलीको नाम "जिल्ला विकास समिति महासंघ नेपालको कर्मचारी कल्याण कोष सञ्चालन विनियमावली, २०६४" रहेको छ । यसलाई अंग्रेजीमा **"ADDCN's Personnel Welfare Fund Operation By Law, 2007"** भनिनेछ ।

(२) यो विनियमावली कार्यसमितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

(क) "कोष" भन्नाले जिल्ला विकास समिति महासंघ नेपालको कर्मचारी कल्याण कोष, २०६४ लाई सम्झनु पर्दछ ।

(ख) "विधान" भन्नाले जिविस महासंघ नेपालको विधान, २०५२ लाई सम्झनु पर्दछ ।

(ग) "नियमावली" भन्नाले जिविस महासंघ नेपालको आर्थिक नियमावली, २०५४ लाई सम्झनु पर्दछ ।

(घ) "महासंघ" भन्नाले जिल्ला विकास समिति महासंघ नेपाललाई सम्झनु पर्दछ ।

(ङ) "परिषद्" भन्नाले जिल्ला विकास समिति महासंघ नेपालको परिषद्लाई सम्झनु पर्दछ ।

(च) "कार्यसमिति" भन्नाले जिल्ला विकास समिति महासंघ नेपालको कार्यसमितिलाई सम्झनु पर्दछ ।

(छ) "सञ्चालक समिति" भन्नाले कोष सञ्चालनको लागि यस विनियमावलीको विनियम (.......) वमोजिम गठन भएको सञ्चालक समितिलाई सम्झनु पर्दछ ।

(ज) "कर्मचारी" भन्नाले जिल्ला विकास समिति महासंघ नेपालमा आन्तरिक वा अन्य जुनसुकै श्रोतबाट तलब प्राप्त गर्ने निरन्तर एक वर्ष वा सो भन्दा बढी समयमावधि कार्यरत कर्मचारीलाई सम्झनु पर्दछ ।

(झ) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गतेबाट सुरु भई पछिल्लो वर्षको आषाढ मसान्त सम्मको समयावधिलाई सम्झनु पर्दछ ।

(ञ) "कार्यकारी महासचिव" भन्नाले जिल्ला विकास समिति महासंघ नेपालको कार्यकारी महासचिवलाई सम्झनु पर्दछ ।

(ट) "सापटी" भन्नाले कोषको सदस्य कर्मचारीले कोषमा जम्मा गरेको निजको नाममा खाताबाट प्राप्त गर्नसक्ने निर्व्याजी रकमलाई सम्झनु पर्दछ ।

(ठ) "ऋण" भन्नाले यस विनियमावली बमोजिम तोकिएको ब्याज लिने गरी समितिले सुरक्षण लिई वा नलिई कोषमा जम्मा भएको जुनसुकै रकमबाट प्रदान गरेको ऋण सम्झनु पर्दछ ।

(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले कार्य समितिले निर्णय गरी समय समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद दुई

## कर्मचारी कल्याण कोषको स्थापना सम्बन्धी व्यवस्था

**३. कल्याण <u>कोषको स्थापना र सञ्चालन</u> :** (१) जिल्ला विकास समिति महासंघ नेपालमा जिल्ला विकास समिति महासंघको कर्मचारी कल्याण कोष नामको एक कोष रहनेछ ।

(२) उप विनियम (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :

(क) कर्मचारी कल्याण कोषको लागि जिविस महासंघ नेपालबाट एकमुष्ट रुपमा छुट्याइएको रकम,

(ख) जिविस महासंघ नेपालबाट प्रत्येक आर्थिक वर्षमा कर्मचारीका लागि भुक्तानी गरिने एक महिनाको खाईपाई आएको तलब बराबरको रकम,

(ग) कोषको सञ्चित पूँजीलाई उपार्जनीय कार्यमा परिचालन गरे वापत त्यसबाट प्राप्त हुने रकम,

(घ) कोषको रकम ऋण लगानी गरी त्यसबाट प्राप्त साँवा तथा ब्याज रकम,

(ङ) कुनै व्यक्ति वा संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(च) वैदेशिक सरकार, व्यक्ति वा निकायबाट प्राप्त हुने सहयोग रकम, तर, यस्तो सहयोग प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु अनिवार्य हुनेछ ।

(छ) जिविस महासंघ नेपालको निर्णय अनुसार कोषमा प्राप्त हुने अन्य रकम ।

(ज) कर्मचारीहरुले योगदानबापत महासंघलाई प्राप्त हुने रकम मध्ये तोकिएको रकम ।

(३) उपविनियम (२) बमोजिम कोषमा जम्मा भएको रकम पायक पर्ने वाणिज्य बैंकमा ब्याज प्राप्त हुने गरी **"जिल्ला विकास समिति महासंघ नेपालको कर्मचारी कल्याण कोष"** नामको एक खाता खोली आर्थिक कारोबार सञ्चालन गरिनेछ ।

**(४) सदस्यता :** (१) जिल्ला विकास समिति महासंघ नेपालमा दैनिक तथा मासिक ज्यालादारीमा नियुक्त कर्मचारीहरु वाहेक निरन्तर एक वर्ष वा सो भन्दा बढी समयमावधि कार्य गरेका कर्मचारीहरु स्वतः कर्मचारी कल्याण कोषको सदस्य हुनेछन् ।

**स्पष्टिकरण** : जिल्ला विकास समिति महासंघ नेपालमा तत्कालीन डासु/डानिडासंगको सम्झौता वमोजिम नियुक्त भई हालसम्म कार्यरत कर्मचारीहरुको सेवा अवधि गणना गर्दा पहिलो नियुक्ति भएको मितिदेखि नै निरन्तर भएको मानिनेछ ।

(२) उपविनियम (१) बमोजिम प्राप्त सदस्यता त्यस्तो कर्मचारी जुनसुकै कारणबाट सेवा निवृत्त भए तापनि सेवा निवृत भएपछि स्वतः समाप्ति हुनेछ ।

**५. खाता सञ्चालन :** कोषको आर्थिक कारोबारको लागि खाता सञ्चालन समितिका अध्यक्ष र महासंघका कार्यकारी महासचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

**६. कोषको प्रयोग :** देहाय बमोजिमका कामको लागि कर्मचारी कल्याण कोषको रकम प्रयोग गर्न सकिनेछ :

(क) कुनै कर्मचारी उमेरको कारणले वा जुनसुकै तवरले नोकरीबाट सेवा निवृत हुँदा निजलाई उपलब्ध गराइने उपदान वापतको तोकिएको रकम,

(ख) कर्मचारी वा निजका परिवारका आश्रित सदस्यलाई औषधोपचार वापत तिर्नु बुझाउनु पर्ने औषधि विमा वापतको प्रिमियम रकम

तर महासंघ आफैले कर्मचारीको प्रिमियम तिरेको अवस्थामा यस्तो रकम कर्मचारीले प्राप्त गर्नेछैनन ।

(ग) कुनै कर्मचारी वा निजको परिवारको कुनै सदस्यको मृत्यु भएमा सञ्चालक समितिको सिफारिशले स्वीकृत गरेको दाह संस्कार र किरिया खर्च वापतको रकम ।

(घ) कर्मचारीका छोराछोरीलाई शिक्षा दिनको लागि सापटी चाहिएमा सञ्चित रकम मध्येबाट सञ्चालक समितिको सिफारिशमा महासंघको कार्यसमितिबाट स्वीकृत रकम,

(ङ) दैवीप्रकोप वा दुर्घटनाको कारण आर्थिक संकट परेमा वा सवारी साधन खरिद वा घर निर्माण वा घर मर्मत गर्न परेमा न्यूनतम ब्याजदरमा सञ्चालक समितिको सिफारिशमा कार्यसमितिले स्वीकृत गरेको रकम,

(च) सेवामा वहाल रहँदै कुनै कर्मचारीको मृत्यु भएमा निजको परिवारलाई आर्थिक सहयोगको रुपमा सञ्चालक समितिको सिफारिशमा कार्यसमितिले स्वीकृत गरेको आर्थिक सहायता वापतको एकमुष्ट रकम,

## परिच्छेद तीन

## सञ्चालक समितिको गठन र वैठक प्रक्रिया

७. **<u>सञ्चालक समितिको गठन विधि</u> :** (१) कर्मचारी कल्याण कोषको सञ्चालन तथा व्यवस्थापनको लागि एक सञ्चालक समितिको गठन गरिनेछ ।

(२) उपविनियम (१) बमोजिम गठन गरिने सञ्चालक समितिमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहनेछन् :

| | | |
|---|---|---|
| (क) | जिविस महासंघ नेपालका अध्यक्ष | अध्यक्ष |
| (ख) | कार्यकारी महासचिव | सदस्य |
| (ग) | विज्ञ कर्मचारीहरु मध्येबाट कार्यकारी महासचिवले तोकेको १ जना | सदस्य |
| (घ) | महिला कर्मचारीहरु मध्येवाट कार्यकारी महासचिवले तोकेको १ जना | सदस्य |
| (ङ) | महासंघको आर्थिक प्रशासन शाखाको प्रमुख | सदस्य-सचिव |

(३) समितिका सदस्यले अनुसूची ५ मा तोकिएको ढाँचामा कोषका अध्यक्ष समक्ष शपथ ग्रहण गरेपछि मात्र पदभार ग्रहण गर्न सक्नेछन् ।

(४) माथि उपविनियम (२) मा उल्लेखित सञ्चालक समिति स्थायी पकृतिको हुनेछ तर सोही विनियमको (ग) र (घ) मा उल्लेखित कर्मचारी प्रतिनिधिको पदावधी ३ वर्षको हुनेछ ।

**स्पष्टिकरण :** माथि उपविनियम (२) (ग) र (घ) मा उल्लेखित कर्मचारी प्रतिनिधिको पदावधी समाप्त हुनु अगावै यस कोषको सदस्य नरहने अवस्था भएमा सदस्य पद स्वतः खालि भएको मानिनेछ र सो पदमा तोकिएको प्रक्रिया अनुसार अर्को कर्मचारीलाई तोकिनेछ ।

**८. सञ्चालक समितिको वैठक :** (१) सञ्चालक समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) सञ्चालक समितिको वैठक अध्यक्षले तोकेको समयमा जिल्ला विकास समिति महासंघ नेपालको सचिवालयमा बस्नेछ ।

(३) वैठकको निर्णय समान्यतः सर्वसम्पत रुपमा गरिनेछ । यदि सर्वसम्मत रुपमा निर्णय हुन नसकेमा बहुमतको निर्णयलाई सञ्चालक समितिको निर्णय मानिनेछ । कुनै विषयमा बहुमतबाट निर्णय हुन नसकी बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(४) समितिले वैठकमा कुनै व्यक्तिलाई विशेषज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ । तर, त्यस्ता विशेषज्ञलाई मतदान गर्ने अधिकार हुने छैन ।

(५) सञ्चालक समितिको वैठकमा भएको काम कारवाही तथा निर्णय सञ्चालक समितिमा कुनै पद रिक्त भएको वा कुनै सदस्य अनुपस्थित भएको कारणले मात्र अवैध हुने छैन ।

(६) सञ्चालक समितिको वैठकमा भाग लिए वापत कुनै पनि किसिमको भत्ता तथा सुविधा उपलब्ध गराइने छैन ।

(७) सञ्चालक समितिको प्रशासनिक खर्च जिल्ला विकास समिति महासंघ नेपालबाट व्यहोरिनेछ । यस कोषबाट प्रशासनिक काममा खर्च गर्न सकिने छैन ।

**९. <u>वैठकको गणपूरक संख्या</u> :** कर्मचारी कल्याण कोष सञ्चालक समितिको जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यको उपस्थिति नभई वैठकको गणपूरक संख्या पुगेको मानिने छैन ।

**१०. <u>समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार</u> :**

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) कोषको वैठकको अध्यक्षता गर्ने,

(२) कोषको सम्पूर्ण गतिविधिको नेतृत्व गर्ने,

(३) कोषका हरेक क्रियाकलापको जवाफदेहिता बहन गर्ने,

(४) वैठकमा मत बराबर भएमा निर्णायक मत दिने,

(५) वैठकको निर्णय कार्यान्वयन गराउने ।

**(ख) सदस्य-सचिवको काम, कर्तव्य र अधिकार :**

(१) कोषको कार्यालय सञ्चालन गर्ने,

(२) कोषको वैठकमा पेश गर्ने छलफलका विषयहरु अध्यक्षसंग परामर्श गरी तयार गर्ने,

(३) वैठकको निर्णय अभिलेखन गरी राख्ने,

(४) वैठकको निर्णय कार्यान्वयन गर्ने,

(५) अध्यक्षको निर्देशन अनुसार कार्य सञ्चालन गर्ने,

(६) कोषको चल अचल सम्पत्तिको जिम्मा लिने ।

**(ग) सदस्यको काम, कर्तव्य र अधिकार :**

(१) समितिको वैठकमा नियमित रुपमा भाग लिने,

(२) समितिको वैठक र कार्यहरुमा अन्य पदाधिकारीलाई सघाउने,

(३) समितिले दिएको जिम्मेवारीको बहन गर्ने ।

**११. <u>समितिको काम, कर्तव्य र अधिकार</u> :** कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बैठकबाट पारित निर्णय कार्यान्वयन गर्ने,

(ख) कोषको आय बृद्धि गर्न विविध कार्यक्रम सञ्चालन गर्ने,

(ग) कोषका सदस्यहरुलाई समानताको आधारमा सुविधाहरु उपलब्ध गराउने,

(घ) कोषको सञ्चित पूँजीलाई उपार्जनीय कार्यमा उपयुक्त तरिकाले परिचालन गर्ने,

(ङ) गत आर्थिक वर्षको हर हिसाबको लेखा परीक्षण गराउने व्यवस्था मिलाउने,

(च) कोषका प्रत्येक सदस्यप्रति उत्तरदायी हुने ।

**१२. <u>समितिका सदस्य तथा कर्मचारीको उत्तरदायित्व</u> :** (१) समितिले अन्यथा निर्णय गरेकोमा बाहेक कुनैपनि कर्मचारीले कोषबाट पाउने थप कुनै पनि सुविधालाई आफ्नो हकको रुपमा दावी गर्न पाउने छैन ।

(२) कोष सञ्चालक समितिका सदस्य तथा कर्मचारीले यस विनियमावलीको उद्देश्य विपरित हुने गरी कोषको वितरणमा भेदभाव गर्न वा कोषको दुरुपयोग गर्न पाउने छैन ।

(३) उपविनियम (२) को प्रतिकूल हुने गरी काम गरेको प्रमाणित भएमा त्यस्तो कार्यमा संलग्न समितिका सदस्य वा कर्मचारीले पाउने सुविधा रकम जफत गर्न सकिनेछ ।

(४) कुनै कर्मचारीको खराब आचरण वा अन्य कुनै कारणले समितिले रोक्का गरी राखेको सुविधा वापतको रकम निजले आफ्नो आचरण सुधार गरेको पाइएमा वा निज उपर लागेको अभियोगबाट सफाई पाएमा रोक्का रकम समेत फुकुवा गरी निजलाई एकमुष्ठ रुपमा सुविधा रकम समितिले उपलब्ध गराउने छ ।

## परिच्छेद चार

## सुविधा सम्बन्धी व्यवस्था

**१३. <u>उपदान पाउने</u> :** (१) यस विनियमावली बमोजिम जम्मा भएको रकमबाट जिविस महासंघ नेपालमा कार्यरत कर्मचारीले अवकाश प्राप्त गर्दा पाउने उपदान यसै कोषबाट प्रदान गरिनेछ ।

(२) उप विनियम (१) बमोजिम पाउने कल्याण वापतको रकम देहाय बमोजिम उपलब्ध गराइनेछ ।

(क) एक वर्षदेखि पाँच वर्षसम्म सेवा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाइ आएको एक महिनाको तलब बराबरको रकम,

(ख) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाइ आएको डेढ महिनाको तलब बराबरको रकम,

(ग) दश वर्षदेखि माथि जतिसुकै बढी वर्षसम्म सेवा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाइ आएको दुई महिनाको तलब बराबरको रकम,

**स्पष्टिकरण :** माथि जे सुकै उल्लेख भएको भएतापनि कर्मचारीले खाई पाई आएको तलबको हिसाब गर्दा जिल्ला विकास समिति महासंघ नेपालले तोकिएका पदको लागि निर्धारण गरेको तलबमान र सोको आधारमा हुने बार्षिक ग्रेडलाई आधार बनाईनेछ ।

**१४. <u>ऋण</u> :** (१) हाललाई कर्मचारी कल्याण कोषको रकम ऋण स्वरुप उपलव्ध गराईने छैन् । तर पछि आवश्यकता ठानेमा कार्यसमितिले आवश्यक नीति तर्जुमा गरी ऋण सम्वन्धी व्यवस्था गर्न सक्नेछ ।

**१५. <u>सापटी</u> :** (१) हाललाई कर्मचारी कल्याण कोषको रकम सापटी स्वरुप कुनै पनि कर्मचारीलाई उपलव्ध गराईने छैन् । तर पछि आवश्यकता ठानेमा कार्यसमितिले आवश्यक नीति तर्जुमा गरी सापटी सम्वन्धी व्यवस्था गर्न सक्नेछ ।

**१६. <u>वीमा सम्बन्धी व्यवस्था</u> :**

(१). सचिवालयका कर्मचारीहरुको देहायबमोजिमको दुर्घटना र मेडिकल बीमा वापत सुविधाहरु पाउनेछन् ।

**क. दुर्घटना वीमा :**

| | |
|---|---|
| १. सहायक स्तरका कर्मचारीहरुको दुर्घटना वीमा | रु. पाँच लाख |
| २. अधिकृत स्तरका कर्मचारीहरुको दुर्घटना वीमा | रु. सात लाख |
| ३. विज्ञ स्तरका कर्मचारीहरुको दुर्घटना वीमा | रु. दश लाख |

**ख.मेडिकल वीमाः** एक कर्मचारीलाई आफू, श्रीमती र आश्रित तीन जना बच्चा (बालबालिकाहरु) सम्मको मेडिकल वीमाको बार्षिक रुपमा सुविधा उपलब्ध गराईनेछ ।

**१७. थप आर्थिक सहायता सम्बन्धी व्यवस्था :** (१) समितिले यस विनियमावली अनुसारको सुविधाबाट सबै मेडिकल खर्च धान्न नसकेको अवस्थामा आवश्यक ठानेमा थप आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ तर त्यस किसिमको सुविधा उपलब्ध गराउँदा देहाय बमोजिम गर्नुपर्नेछ :

(क) महासंघको कामको सिलसिलामा चोटपटक लाग्न गई उपचार गराउनु परेमा,

(ख) नेपाल अधिराज्य भित्र उपचार हुन नसक्ने भनी मेडिकल बोर्डबाट सिफारिश भएको अवस्थामा,

*तर, झुट्टा व्यहोरा पेश गरी यस विनियम बमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने कर्मचारी उपर विभागीय कारबाही हुन सक्नेछ ।*

**१८. कोषको लेखा र लेखापरीक्षण :** (१) समितिले कोषको लेखा जिविस महासंघको आर्थिक नियमानुसारले तोकेको प्रक्रिया तथा ढाँचामा राखिनेछ ।

(२) उपविनियम (१) बमोजिम राखिएको लेखा महासंघमा सूचीकृत लेखा परीक्षकबाट परीक्षण गराउनु पर्नेछ ।

(३) लेखापरीक्षकले पाउने पारिश्रमिक समितिले तोकिदिए बमोजिम हुनेछ ।

**१९ सुविधा तथा सहुलियतबाट बञ्चित गरिने अवस्था :** कुनै कर्मचारी भविष्यमा जिविस महासंघ नेपालमा सेवा गर्नका लागि अयोग्य ठहरिने गरी पदबाट बर्खास्त भएको अवस्थामा त्यस्तो कर्मचारीलाई पुरै वा आंशिक रुपमा कर्मचारी कल्याण कोष अन्तर्गत सञ्चालित कार्यक्रमबाट दिइने सुविधाबाट बञ्चित गर्न सकिनेछ :

२०. **<u>लगानी गर्न सक्ने</u>** : कोषमा जम्मा भएको रकम समितिको स्वीकृति लिई कार्यकारी महासचिवले नेपाल सरकारबाट स्वीकृति प्राप्त वित्तीय संघ संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, जमानतपत्र वा बचतपत्रमा लगानी गर्न सक्नेछ ।

## परिच्छेद पांच

## विविध

२१. **<u>निर्देशन दिन सक्ने</u>** : कोष सञ्चालन सम्बन्धी विषयमा महासंघको कार्यसमितिले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२२. **<u>अनुगमन तथा रेखदेख</u>** : कोष सञ्चालन सम्बन्धी कार्यको अनुगमन तथा रेखदेख महासंघको आर्थिक प्रशासन शाखाले गर्नुपर्नेछ ।

२३. **<u>अधिकार प्रत्यायोजन</u>** : यस विनियमावली बमोजिम समितिलाई प्राप्त अधिकारमध्ये कुनै वा सबै अधिकार आवश्यकता अनुसार कुनै उपसमिति, कार्यदल वा व्यक्तिलाई प्रत्यायोजन गर्न  सकिनेछ ।

२४. **<u>दायित्व सर्ने</u>** : यो विनियमावली प्रारम्भ हुनुभन्दा अघि श्रृजना भएका महासंघको कर्मचारीको कल्याण कोषसंग सम्बन्धित हक तथा दायित्व यस विनियमावली बमोजिमको कोषमा सर्नेछन् ।

२५. **<u>अभिलेख व्यवस्थापन</u>** : कर्मचारी कल्याण कोष सञ्चालन सम्वन्धमा आवश्यक सदस्यको विवरण, आम्दानी तथा खर्चको बिवरण लगायतका सूचनाहरु व्यवस्थित गरी राखिनेछ ।

२६. **<u>विनियमावलीमा संशोधन गर्नसक्ने</u>** : यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला विकास समिति महासंघ नेपालको कार्यसमितिले विनियमावलीमा आवश्यक संशोधन गर्न सक्नेछ ।

२७. **<u>बाधा अडकाउ फुकाउने अधिकार</u>** : यो विनियमावलीको प्रयोगमा कुनै बाधा अडकाउ परेमा व्याख्या गर्ने अन्तिम अधिकार कार्यसमितिलाई हुनेछ ।

२८. **<u>निदेशिका जारी गर्न सकिने</u>** : यो विनियमावली कार्यान्वयन गर्न समितिको परामर्शमा बोर्डले आवश्यक निर्देशिका जारी गर्न सकिनेछ ।

२९. **<u>बचाउ</u>** : यो विनियमावलीमा प्रारम्भ हुनुभन्दा अघि जिविस महासंघ नेपालको कर्मचारी कल्याण कोषको नाममा भए गरेका सम्पूर्ण कार्यहरु यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।

**<u>अनुसूचीहरु</u>**

**अनुसूची १ : कल्याण कोषको रकम प्राप्त गर्नका लागि पेश गर्ने निवेदनको सूचना**

श्रीमान् अध्यक्षज्यू,

कर्मचारी कल्याण कोष सञ्चालक समिति,

जिल्ला विकास समिति महासंघ नेपाल ।

**बिषय : कल्याणकोषको रकम निकासा सम्वन्धमा ।**

उपरोक्त विषयमा मिति .................. मा मेरो अवकास भएको / राजीनामा स्विकृत भएकोले जिल्ला विकास समिति महासंघ नेपालको कर्मचारी कल्याण कोष विनियमावली, २०६४ अनुसार मैले अवकास पछि प्राप्त गर्ने कल्याणकोषको रकम पाउनको लागि यो निवेदन पेश गरेको छु ।

**<u>निवेदकको</u>**

नाम :

दस्तखत :

मिति :

## अनुसूची २ : कल्याण कोष अन्तरगत प्राप्त सुविधाको भरपाई

जिल्ला विकास समिति महासंघ नेपालको ................................ तहको स्थायी कर्मचारी म ....................................................... ले ................................. जिल्ला विकास समिति महासंघ नेपालको कर्मचारी कल्याणकोष विनियमावली, २०६४ मा भएको ब्यवस्था अनुसार मैरो अवकास पर्छि कर्मचारी कल्याण कोषमार्फत प्राप्त गर्नु पर्ने रकमका सम्वन्धमा मैले मिति ..................... मा पेश गरेको निवेदनको आधारमा त्यस सञ्चालन समितिबाट स्वीकृत भएको रु. ...........................(अक्षेरुपी ........................................................................) आजका मितिमा बुझिलिई यो भरपाई गरिदिएँ । पछि यस सम्बन्धमा मेरो कुनै उजुर वाजुर गर्ने छैन भनी यसैसाथ कबुलियतनामा समेत गरिदिएको छु ।

मिति :

ल्याप्चे

| दायाँ | बायाँ |
|---|---|
| | |

भरपाई गर्नेको

दस्तखत :

नाम :

अवकास प्राप्त/राजीनामा स्विकृत मिति :

## अनुसूची ३ : सपथ ग्रहण फाराम

म जिल्ला विकास समिति महासंघ नेपालको कर्मचारी कल्याण कोष विनियमावली, ....... प्रति प्रतिबद्ध रही ईश्वरको नाममा सत्यनिष्ठा र इमान्दारीपूर्वक यो सपथ लिन्छु कि मैले कोषको सञ्चालक समितिको ................................................ पदको हैसियतले कोषको विनियमावली अनुसार गर्नुपर्ने कर्तव्य र कोषद्वारा सञ्चालित कार्यक्रमलाई पुरा गर्न जस्तासुकै परिस्थितिको पनि सामना गर्नेछु । द्वेष, कलह, व्यक्तिगत स्वार्थ र अनियमिततादेखि सदा टाढा रहने प्रण गर्दछु ।

सञ्चालक समितिको पदाधिकारीको

दस्तखत :

नाम, थर :

दर्जा :

मिति :